# कम्प्यूटर एसोशिएसन अफ नेपालको विधान २०४९
(चौथो संशोधन सहित)

प्रथम संशोधन २०५४/०४/१६
दोश्रो संशोधन : २०५८/०४/११
तेस्रो संशोधन २०६१/०४/०८
चौथो संशोधन : २०६३/१२/२३
पाँचौ संशोधन : २०६४/१२/२

## प्रस्तावना

वर्तमान विश्वले अंगिकार गरेको सूचना तथा सञ्चारको अत्याधिक विकास र विस्तारलाई समसामयिक रुपमा मनन गर्दै,

नेपाल अधिराज्य तथा अन्तर्राष्ट्रिय क्षेत्रमा समेत यसको व्यापकतालाई समेट्ने गरी पेशागत हक हित र मर्यादालाई कायम राख्न कम्प्यूटर विज्ञानको क्षेत्र विस्तार गर्दै सूचना तथा प्रविधि विकाशलाई प्रमुख प्राथमिकता दिई यस क्षेत्रमा लागेका हरेक वर्ग र व्यवसायी तथा सम्बन्धीत निकाय र उपभोक्ता वर्ग समेतका बीचमा समन्वय तथा समझदारी बढाई विश्वशनिय वातावरण सिर्जना गर्न र,

कम्प्यूटर र सूचना प्रविधि विकासको क्षेत्रमा देखा परेका समस्या र असुविधाहरु हटाई सम्बन्धीत सबै पक्ष लगायत भावी पिंडी समेतमा सहजतापूर्वक सन्तोषजनक सुविधा उपलब्ध गराउने उद्देश्यबाट अभिप्रेरित भई एक सांगठनिक एकताको आवश्यकता महसुस भएकोले, यस संघको स्थापना गरिएको छ ।

## परिच्छेद १
## विधानको नाम, परिभाषा, संस्था, छाप, लोगो र झण्डा

**१. संक्षिप्त नाम, विस्तार र प्रारम्भ :**

(क) यस विधानको नाम कम्प्यूटर एसोशिएसन अफ नेपाल (क्यान) Computer Association of Nepal (CAN) को विधान २०४९ रहेकोछ ।

(ख) यो विधान क्यानका सदस्यहरुलाई लागू हुनेछ ।

(ग) यो विधान संस्था दर्ता भई प्रमाणपत्र प्राप्त भएपछि प्रारम्भ हुनेछ ।

**२. परिभाषा :**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस विधानमा :

(क) “कार्यकारी सदस्य” भन्नाले कार्य समितिका निर्वाचित तथा मनोनित सदस्यहरुलाई जनाउनेछ ।

(ख) “ऐन” भन्नाले संस्था दर्ता ऐन २०३४ लाई जनाउनेछ ।

(ग) "संघ वा संस्था" भन्नाले क्यानलाई जनाउनेछ ।
(घ) "क्यान" भन्नाले कम्प्यूटर एसोशिएसन अफ नेपाललाई जनाउनेछ ।
(ङ) "नियम" भन्नाले यस विधानबमोजिम बनी लागू भएको नियमलाई जनाउनेछ ।
(च) "समिति" भन्नाले संघको केन्द्रीय कार्यसमिति तथा क्षेत्रीय समिति समेतलाई जनाउनेछ ।
(छ) "पदाधिकारी" भन्नाले समितिका अध्यक्ष, उपाध्यक्ष, महासचिव, कोषाध्यक्ष र सचिवलाई जनाउनेछ ।
(ज) "सदस्य" भन्नाले विधानको परिच्छेद ३ बमोजिम सदस्यता प्राप्त व्यक्ति वा संस्थालाई जनाउनेछ ।
(झ) "सभा" भन्नाले साधारण सभा र विशेष साधारण सभालाई जनाउनेछ ।
(ञ) "उपसमिति" भन्नाले समितिले आफूमा निहीत अधिकार मध्ये सबै वा केही प्रयोग गर्न सक्ने गरी दफा २१ को उपदफा (७) अन्तर्गत गठन गरेको उपसमितिलाई जनाउनेछ ।
(ट) "स्थानीय अधिकारी" भन्नाले ऐनको दफा २ को खण्ड (ख) बमोजिमको अधिकारीलाई जनाउनेछ ।
(ठ) "तोकिएको वा तोकिएबमोजिम" भन्नाले यस विधान र यस विधान बमोजिम बनेको नियम वा समितिको आदेशद्वारा तोकिएको वा तोकिए बमोजिमको भन्ने जनाउनेछ ।
(ड) "दफा वा उपदफा" भन्नाले यस विधानको दफा वा उपदफालाई जनाउनेछ ।
(ढ) "कार्यकाल" भन्नाले कार्यसमितिको २ वर्षको अवधिलाई जनाउनेछ ।

**३. व्याख्या गर्ने अधिकार :**

यो विधानको व्याख्या गर्ने अन्तिम अधिकार केन्द्रीय कार्यसमितिमा मात्र निहित रहनेछ ।

**४. संगठित संस्था :**

यो संघ अविच्छिन्न उत्तराधिकारवाला स्वशासित संगठित संस्था हुनेछ । यसले व्यक्ति सरह सम्पत्ति लिन, पाउन, राख्न र दिन सक्नेछ । यसले आफ्नो नामबाट नालिस उजुर आदि गर्न र यसउपर सो लाग्न सक्नेछ ।

**५. संस्थाको किसिम :**

यो संस्था सामाजिक तथा गैह्र राजनैतिक सेवामूलक संस्था हुनेछ ।

**६. छाप, लोगो र झण्डा :**

केन्द्रीय कार्यसमितिले ठहर्‍याए बमोजिमको संस्थाको छुट्टै छाप, लोगो र झण्डा हुनेछ ।

**७. कार्यालय :**

संस्थाको केन्द्रीय कार्यालय काठमाडौंमा रहनेछ र प्रचलित कानुनअनुसार रीत पुरा गरी स्थानीय निकायमा दर्ता भएका क्यानसँग आवद्ध स्थानीय क्यानका कार्यालयहरु रहनेछन् ।

## परिच्छेद २
## उद्देश्य

**८. उद्देश्य एवं कार्य :**

(१) संस्थाको मूल उद्देश्यहरु निम्न बमोजिम हुनेछन् ।

क) नेपाल अधिराज्यभर कम्प्यूटर विज्ञान तथा सूचना प्रविधिको उपयोग, विकास, संरक्षण, सम्बर्द्धन र सम्वृद्धि गर्ने तथा त्यस्तो ज्ञान, सीप, प्रविधि र तालिम प्राप्त एवं प्रदान गर्नको लागि आवश्यक बन्दोबस्त गर्ने गराउने ।

ख) संस्थासँग आवद्ध कम्प्यूटर विज्ञान तथा सूचना प्रविधि क्षेत्रमा कार्यरत व्यक्ति, फर्म, कम्पनी, संघ, संस्था आदिको हक, हित, सुरक्षा र सुविधा प्राप्त, प्रदान, संरक्षण एवं उपलब्ध गराउने ।

ग) यस उपदफामा वर्णित उद्देश्यअनुरुप संस्थाको सेवा तथा सुविधाहरु संस्थाका सदस्यलगायत आवश्यक पर्ने सबैलाई उपलब्ध गर्ने गराउने ।

घ) यो संस्था नाफा नकमाउने उद्देश्य भएको सेवामूलक संस्था हनेछ ।

(२) प्रचलित कानुन बमोजिम संघ संस्थाले गर्न पाउने कार्यहरुको अतिरिक्त संस्थाले आफ्नो उद्देश्य हासिल गर्न आफ्नै आवश्यकता र सुविधालाई हेरी निम्न कार्यहरुसमेत गर्नेछ ।

क) कम्प्यूटर विज्ञान तथा सूचना प्रविधिको संस्थागत विकास गर्न सहयोग पुऱ्याउने ।

ख) कम्प्यूटर विज्ञान तथा सूचना प्रविधिसम्बन्धी शिक्षण संस्था, संस्थान वा तालिम केन्द्र आदिबाट दिइने शिक्षा एवं तालिममा एकरुपता ल्याई सोको गुणात्मक विकास गर्न सहयोग गर्ने ।

ग) सूचना तथा सञ्चार प्रविधिसम्बन्धी विविध व्यवसाय सञ्चालन गरी रहेका व्यवसायीहरुका बीचमा समन्वय कायम गरी तिनीहरुले दिने सेवामा समयानुकुल गुणात्मक सेवा प्रदान गराउन एक रुपता ल्याउन पहल गर्ने ।

घ) कम्प्यूटर विज्ञान तथा सूचना प्रविधिसम्बन्धी गोष्ठी, कार्यशाला, सभा, प्रवचन, छलफल, प्रशिक्षण, परामर्श एवं अनुसन्धानको कार्य गर्ने गराउने ।

ङ) समान उद्देश्य भएका विदेशी व्यक्ति वा विदेशी संघ, संस्था, निकाय, कार्यालयहरुसँग सम्बन्ध राखी कम्प्यूटर विज्ञान तथा सूचना प्रविधिसम्बन्धी ज्ञान, सीप, प्रविधि एवं जानकारीहरुको आदान प्रदान गर्ने गराउने ।

च) आफूलाई प्रतिकूल असर नपर्ने गरी आवश्यकता अनुसार सदस्यता शुल्क, उपहार, अनुदान, रिण, सापटी आदि नगदी वा जिन्सीको रुपमा प्राप्त गर्ने, प्रदान गर्ने ।

छ) आवश्यकता बमोजिम आफ्नो नाममा चल अचल सम्पत्ति खरिद गर्ने, स्वीकार गर्ने, धितो, बन्धक वा बहालगिरीमा दिने, लिने ।

ज) प्रचलित कानुनको प्रतिकूल नहुने गरी आफ्नो उद्देश्य हासिल गर्नका लागि गर्नुपर्ने एवं आफ्नो कार्य गर्नका लागि गर्न आवश्यक सम्पूर्ण कार्यहरु गर्ने गराउने ।

झ) कम्प्यूटर विज्ञान तथा सूचना प्रविधिको प्रविधि हस्तान्तरण, आयात, निर्यात र सोको विकास तथा विस्तारका लागि राष्ट्रिय नीति निर्माणमा नेपाल सरकारलाई सहयोग गर्ने ।

## परिच्छेद ३
## सदस्यता

**९. सदस्यको किसिम :**

यस संघको निम्न बमोजिम ६ प्रकारका सदस्यहरु हुनेछन् :

क) व्यक्तिगत साधारण सदस्य (Individual General Member)

ख) संस्थागत साधारण सदस्य (Institutional General Member)

ग) स्थानीय संघ सदस्य (Local Organization Member)

घ) विषयगत सदस्य (Sectoral Member)

ङ) आजिवन सदस्य (Life Member)

१) साधारण आजिवन सदस्य (Individual Life Member)

२) संस्थागत आजिवन सदस्य (Instiutional Life Menber)

च) मानार्थ सदस्य (Honourary Member)

**१०. सदस्यको योग्यता :**

(१) यो विधान र यसमा हुने संशोधन समेतलाई स्वीकार गर्न इच्छुक तल उपदफा (३) बमोजिमको योग्यता पुरा गरेको व्यक्ति वा संस्थाले यस संघको सदस्यताको लागि आवेदन गर्न सक्नेछ ।

(२) सदस्यता प्रदान गर्ने वा नगर्ने अधिकार समितिमा निहित हुनेछ ।

(३) सदस्य हुनका लागि योग्यता

क) **व्यक्तिगत साधारण सदस्य :** कम्प्यूटर विज्ञान तथा सूचना प्रविधिको क्षेत्रमा शैक्षिक योग्यता हासिल गरेका वा सो पेशा वा व्यवसायमा लागेका वा त्यस क्षेत्रमा सेवा प्रदान गरिरहेका नेपाली नागरिकलाई साधारण सदस्यता प्रदान गर्न सकिनेछ ।

ख) **संस्थागत साधारण सदस्य :** कम्प्यूटर विज्ञान तथा सूचना प्रविधिसम्बन्धी अध्ययन, अध्यापन, व्यापार व्यवसाय, सेवा, प्रकाशन, प्रशारण, अनुसन्धान, प्रशिक्षण, उद्योग तथा विकास आदि उद्देश्य राखी सो क्षेत्रमा कार्यरत निकाय तथा संस्थालाई संस्थागत सदस्यता प्रदान गर्न सकिनेछ ।

ग) **स्थानीय संघ सदस्यता :** यस कम्प्यूटर एसोशिएसन अफ नेपालको नाम र उद्देश्य प्रयोग हुनेगरी कम्प्यूटर विज्ञान तथा सूचना प्रविधिसँग सम्बन्धीत व्यक्ति, फर्म वा कम्पनीहरु एक आपसमा मिलेर जिल्ला स्तरिय रुपमा कानुन बमोजिम दर्ता भई यस संस्थासँग आवद्ध हुन आउने संस्थालाई स्थानीय संघ सदस्यता प्रदान गरिनेछ । तर एक जिल्लाबाट यस्तो संस्था एउटा मात्र आवद्ध हुन सक्नेछ ।

घ) **विषयगत सदस्य :** कम्प्यूटर विज्ञान तथा सूचना प्रविधिका विविध क्षेत्रमा संगठित भएर रहेका अन्य राष्ट्रिय स्तरका संघहरुलाई विषयगत सदस्यता प्रदान गर्न सकिनेछ ।

ङ) **आजीवन साधारण वा आजीवन संस्थागत सदस्य :** साधारण सदस्य भएको वा हुन सक्ने कुनै पनि व्यक्ति र संस्थागत सदस्य भएको वा हुन सक्ने कुनै पनि संस्थालाई तोकिएबमोजिम शुल्क बुझाएमा आजीवन साधारण सदस्यता र आजीवन संस्थागत सदस्यता प्रदान गर्न सकिनेछ ।

च) **मानार्थ सदस्य :** कम्प्यूटर विज्ञान तथा सूचना प्रविधिको विकासमा विशेष योगदान पुऱ्याएको वा पुऱ्याउन सक्ने भनि समितिले ठहर गरेको कुनै पनि स्वदेशी व्यक्तिलाई मानार्थ सदस्यता प्रदान गर्न सकिनेछ । यस्ता सदस्यहरुलाई निर्वाचन सम्बन्धमा कुनै पनि अधिकार हुनेछैन ।

**११. सदस्यता तथा आवेदन शुल्क :**

(१) संघका सबै किसिमको सदस्यताका लागि आवेदन फारम, आवेदन शुल्क तथा सदस्यता नविकरण शुल्क, ती शुल्कहरु वुझाउने म्याद र जरीवाना आदि कुराहरु समितिले समयानुकूल हुने गरी समय समयमा तोकेबमोजिम हुनेछ ।

(२) सदस्यता शुल्क बुझाएको एक वर्ष पुगेपछि तोकिएबमोजिम सदस्यता नविकरण गर्नुपर्नेछ ।

(३) मानार्थ सदस्यताका लागि सदस्यता शुल्क लाग्नेछैन ।

(४) संस्थागत सदस्य र आजीवन संस्थागत सदस्यको हकमा सदस्य संस्थाले उपयुक्त व्यक्तिलाई प्रतिनिधिको रुपमा आधिकारीक मनोनयन गरी तोक्न सक्नेछ र त्यस्तो प्रतिनिधिलाई सदस्य संस्थाले आफ्नो अनुकुलता अनुसार परिवर्तन गर्न सक्नेछ । यसरी प्रतिनिधी परिवर्तन गरेको जानकारी आधिकारीक रुपमा क्यानको सचिवालयमा प्राप्त भएपछि लागू हुनेछ ।

**१२. सदस्यता प्रदान गर्ने विधि :**

(१) दफा १० अन्तर्गत परेका निवेदनका आधारमा समितिले कसैलाई सदस्यता प्रदान गर्ने वा नगर्ने निर्णयको सूचना सम्बन्धीत व्यक्ति वा संस्थालाई दिनेछ । सदस्यता प्रदान गरिने सूचना पाएको व्यक्ति वा संस्थाले सूचना पाएको ३० दिन भित्र निजले बुझाउनुपर्ने वार्षिक सदस्यता शुल्क एक मुष्ट बुझाउनुपर्नेछ ।

(२) संस्थाले आफ्नो प्रत्येक सदस्यलाई तोकिएको ढाँचामा सदस्यता प्रमाणपत्र प्रदान गर्नेछ ।

(३) सदस्यता प्रदान नगर्ने निर्णय भएको कुनै आवेदकलाई त्यसको कारण दिइरहन समिति वाध्य हुनेछैन ।

*(४) स्थानीय संघ सदस्यता प्रदान गर्ने विधि :*

१. यस कम्प्यूटर एसोशिएसन अफ नेपालको नाम र उद्देश्य प्रयोग हुने गरी कम्प्यूटर विज्ञान तथा सूचना प्रविधिसँग सम्बन्धीत व्यक्ति, फर्म वा कम्पनीहरु एक आपसमा मिलेर जिल्ला स्तरिय रुपमा कानुनबमोजिम दर्ता भई यस संस्थासँग आवद्ध हुन आउने संस्थालाई स्थानीय संघ सदस्यता प्रदान गरिनेछ । तर एक जिल्लाबाट यस्तो संस्था एउटा मात्र आवद्ध हुन सक्नेछ ।

२. स्थानीय संघ सदस्यता प्राप्त गर्नको लागि निम्न योग्यता तथा प्रक्रिया रहनेछ ।
   - क) स्थानीय संघ सदस्यताको लागि निवेदन दिने स्थानीय संस्थामा कम्प्यूटर व्यवसाय गरिरहेका वा तालिम लिएका व्यक्ति वा कम्पनी सदस्य रहेको हुनपर्दछ ।
   - ख) स्थानीय संघको नाम तथा ठेगाना र उद्देश्य सहितको विवरण
   - ग) तदर्थ वा कार्यकारीणि समिति तथा सदस्यहरुको नामावली (ईमेल, फोन, ठेगाना र संलग्न संस्थाको नामसहित)
   - घ) प्रस्तावित वा स्वीकृत विधान (केन्द्रीय संघमा आवद्ध हुने प्रतिवद्धता उल्लेख भएको हुनुपर्ने छ ।)
   - ङ) प्रवेश शुल्क तथा वार्षिक सदस्यता शुल्क केन्द्रीय कार्यसमितिले निर्धारण गरेअनुसार हुनेछ ।
   - च) हालसम्म सञ्चालित वा निकट भविश्यमा सञ्चालन गर्न लक्षित कार्यक्रमको विवरण

३. निम्न कागजात सहित केन्द्रीय सचिवालयमा निवेदन वुझाउनुपर्नेछ ।
   - क) स्थानीय संघको नाम तथा ठेगाना
   - ख) स्थानीय संघ खोल्ने उद्देश्यसहितको विवरण
   - ग) तदर्थ वा कार्यकारिणी समिति तथा सदस्यहरुको नामावली, (इमेल, फोन, ठेगाना र संलग्न संस्थाको नाम सहित)
   - घ) प्रस्तावित वा स्वीकृत विधान (केन्द्रीय संघमा आवद्ध हुने प्रतिवद्धता उल्लेख भएको हुनुपर्नेछ।)
   - ङ) हालसम्म सञ्चालित वा निकट भविश्यमा सञ्चालन गर्न लक्षित कार्यक्रमको विवरण,
   - च) प्रवेश शुल्क तथा वार्षिक सदस्यता शुल्क कार्यसमितिले निर्धारण गरेअनुसार हुनेछ । जुन सदस्यता संख्याको आधारमा निर्धारण गरिनेछ ।

४. स्थानीय संस्थाको नाम तथा क्षेत्राधिकार तोक्ने सम्बन्धमा कुनै विवाद खडा भएमा केन्द्रिय कार्यकारीणि समितिको निर्णय अन्तिम हुनेछ ।

(५) स्थानीय संघ सदस्यको १ मताधिकार रहनेछ ।

(६) स्थानीय संघ सदस्यले आफ्ना समुहको प्रतिनिधी छनोटका लागि मात्र मताधिकार प्रयोग गर्न पाउनेछन् ।

(७) स्थानीय संघ सदस्यले कार्यसमिति निर्वाचन प्रयोजनको लागि समुह परिवर्तन गर्न पाउने छैनन् ।

## १३. सदस्यताको समाप्ती :

(१) निम्न अवस्थामा संघको सदस्यता समाप्त हुनेछ :
   - क) सदस्यले सदस्यता त्याग गर्न दिएको निवेदन समितिबाट स्वीकृत भएमा ।
   - ख) तोकिएको समयभित्र सदस्यता नविकरण शुल्क नबुझाएमा ।
   - ग) अनुशासनको कार्वाहीबाट समितिले सदस्यता समाप्त गर्ने निर्णय गरेमा ।
   - घ) संस्थाको विघटन भएमा ।
   - ङ) सदस्यको मृत्यु भएमा ।
   - च) यस विधानबमोजिम गर्न नहुने भनी तोकिएको कुनै कार्य गरेको प्रमाणित भएमा

छ) १८ वर्ष पूरा नभएकोमा
ज) मगज विग्रेको वा वौलाएमा

(२) कुनै व्यक्ति वा संस्थाको वाहाल रहन अयोग्य ठहऱ्याउनु भन्दा अघि संस्थाले निजलाई सो कुराको सूचना दिई सफाइको सवुत पेश गर्ने मौकाबाट वञ्चित गरिने छैन ।

## परिच्छेद ४
## साधारण सभा र कामकाज

**१४. साधारण सभा :**

प्रत्येक वर्ष संस्थाका सबै प्रकारका सदस्यहरु भएको एउटा साधारण सभा हुनेछ ।

(१) साधारणतया समितिले प्रत्येक वर्ष निर्धारित गरेको स्थान, मिति, समयमा संघको वार्षिक साधारण सभा बस्नेछ ।

(२) साधारण सभा बोलाउँदा कम्तीमा २१ दिन अगावै सभा बस्ने स्थान, मिति, समय र सभामा छलफल हुने मुख्य विषयहरु खोली सूचना पठाउनुपर्नेछ र त्यस्तो सूचना राष्ट्रिय स्तरको पत्रपत्रिकामा समेत प्रकाशित गर्नुपर्नेछ । यस्तो सूचना क्यानको वेवसाइटमा पनि प्रकाशित गरिनेछ र सम्बन्धीत सदस्यहरुलाई ईमेलबाट पनि पठाउन सकिनेछ । इमेलबाट सो सूचना सम्बन्धीत सदस्यहरुलाई पठाइसकेपछि यसै विषयको पत्र निज सदस्यहरुलाई पठाउन आवश्यक पर्नेछैन ।

(३) साधारण सभाको लागि तत्काल कायम रहेका कुल सदस्य संख्याको ५० प्रतिशत सदस्य उपस्थित भएमा गणपुरक संख्या पुगेको मानिनेछ । तर निर्वाचन सम्बन्धी अधिकार नभएका सदस्यहरुलाई गणपुरक संख्याका लागि गणना गरिनेछैन ।

(४) गणपुरक संख्या नपुगी सभा स्थगित भएमा समितिले उचित ठहऱ्याएको मिति एवं समयमा अर्को सभा बोलाउनेछ । यसरी दोश्रो पटक बसेको सभामा उपदफा (३) बमोजिमको गणपुरक संख्याको वाध्यता रहनेछैन ।

(५) वार्षिक साधारण सभा आ.व. समाप्त भएको मितिले साधारणतया ३ महिना भित्रमा गर्ने छ र प्रत्येक वर्ष सोहीअनुसार हुनेछ ।

(६) माथि जे सुकै कुरा लेखिएको भएतापनि विशेष परिस्थिति उत्पन्न भई तोकिएको समयमा साधारण सभा हुन नसकेमा कार्यसमितिले निर्णय गरी अर्को मिति तोक्न सक्ने छ ।

(७) साधारण सभाको लागि सूचना प्रकाशित भएपछि सभा समाप्त नहुन्जेलसम्म नया सदस्यता प्रदान गरिने छैन ।

**१५. साधारण सभाको कारवाही :**

(१) यो विधानमा अन्यथा व्यवस्था भएकोमा बाहेक साधारणतया निम्नलिखित विषयमा साधारण सभाले छलफल र निर्णय गर्नेछ :

क) समितिको प्रतिवेदन र लेखा परिक्षण गरिएको वार्षिक आय व्ययको हिसाब ।
ख) आगामी आर्थिक वर्षको लागि संधको अनुमानित वार्षिक आय व्यि र बजेट तथा कार्यक्रम स्वीकृत गर्ने र लेखा परिक्षक नियुक्त गरी निजको पारिश्रमिक तोक्ने ।
ग) छलफलका लागि भनी नियमानुसार विषय सूचीमा परेका विषय ।
घ) साधारण सभाद्वारा विचार विमर्श हुनु पर्ने भनि समितिले प्रस्तुत गरेका अन्य प्रस्ताव ।
ङ) समितिका सदस्यहरुको निर्वाचन गर्ने, निर्वाचन गर्दा जुन किसिमका सदस्यले जति संख्या निर्वाचन गर्नुपर्ने हो सोही किसिमका सदस्यहरु आफूबाट निर्वाचन गर्नेछन् । यसरी निर्वाचनमा भाग लिने सदस्यले सदस्यता प्राप्त गरेको कमसेकम ३ महिना भएको हुनुपर्दछ ।

च) समितिको काम कार्वाहीको समिक्षा तथा मूल्याङ्कन गर्ने ।

(२) सभामा उपस्थित सदस्यको साधारण बहुमतबाट यस विधानको संशोधन बाहेक अन्य प्रस्ताव पारित हुन सक्नेछ ।

**१६. विशेष साधारण सभा :**

(१) समितिले आवश्यक ठहऱ्याएमा वा तत्काल कायम रहेका कूल सदस्य संख्याको २५ प्रतिशत वा सो भन्दा बढी साधारण सदस्यहरुले वा समितिका ५१ प्रतिशत सदस्यले समिति समक्ष विशेष साधारण सभा बोलाउन कारण सहित लिखित अनुरोध गरेमा त्यस्तो सूचना पुग्ने गरी समितिले विषय, मिति, स्थान र समय तोकी एक महिना भित्र विशेष साधारण सभा बोलाउनेछ । त्यसको सूचना राष्ट्रिय स्तरको पत्रपत्रिकामा पनि प्रकाशित गर्नुपर्नेछ । यस्तो सूचना क्यानको वेवसाइटमा पनि प्रकाशित गरिनेछ र सम्बन्धीत सदस्यहरुलाई इमेलबाट पनि पठाउन सकिनेछ । इमेलबाट सो सूचना सम्बन्धीत सदस्यलाई पठाइसकेपछि यसै विषयको पत्र निज सदस्यहरुलाई पठाउन आवश्यक पर्नेछैन ।

(२) विशेष साधारण सभामा सूचनामा तोकिए बाहेक अन्य कुनै कुरामा छलफल गर्न सकिनेछैन ।

(३) आवश्यक गणपुरक संख्याको अभाबमा सभा हुन नसके समितिले पुनः विशेष साधारण सभा बोलाउन बाध्य हुनेछैन तर विषयको भार औचित्यता हेरी समितिले दोश्रो पटक विशेष साधारण सभा बोलाउन सक्नेछ । गणपुरक संख्या दफा १४ मा व्यवस्था भएबमोजिम हुनेछ ।

**१७. सभाको सभापति :**

(१) समितिको अध्यक्षले सभाको सभापतित्व गर्नेछन् र निजको अनुपस्थितीमा क्रमशः प्रथम वा द्वितिय वा तृतीय उपाध्यक्षले र निज पनि अनुपस्थित रहे सभामा उपस्थित कार्य समितिका पदाधिकारीहरु त्था सदस्यहरुले छानेका कार्य समितिका पदाधिकारी वा सदस्यले सभाको सभापतित्व गर्नेछन् । तर यसरी सभापतित्व गर्ने पदाधिकारी वा सदस्यले आफू बिरुद्धको कुनै आरोप वा विषयमा मत दिन पाउने छैन ।

(२) सदस्यहरुको मत बराबर भएमा सभापतिले निर्णायक मत दिनेछ ।

**१८. सभा सम्बन्धी अभिलेख :**

प्रत्येक साधारण सभा सम्बन्धी काम, कारबाही, भाग लिने सदस्यको नाम, पेश भएका तथा पारित भएका प्रस्ताबशरु, अन्य आवश्यक सबै कुरा निर्णय पुस्तिकामा लेखी सभापति र उपस्थित सदस्यहरुले आफू मध्ये मनोनित गरेका दुई जना प्रतिनिधीको समेत दस्तखत गराई निर्णय पुस्तिकामा राखिनेछ ।

**१९. सभामा प्रतिनिधीत्व :**

(१) साधारण सभामा सदस्यहरुको हैसियतले प्रतिनिधित्व गर्दा जुन व्यक्तिको नाममा सदस्यता प्रमाणपत्र जारी गरिएको छ निजले र संस्थागत सदस्यको हकमा सबन्धीत निकायले दफा ११ को उप दफा(४) बमोजिम आधिकारीक रुपमा मनोनयन गरी पठाएको व्यक्तिले प्रतिनिधीत्व गर्नेछ । त्यसरी मनोनयन भई आएको प्रतिनिधीलाई समितिले सदस्यको सूचिमा राख्नेछ । कुनै सदस्यले कारण परि आफ्नो प्रतिनिधि बदल्नु परेमा सोको सूचना दफा ११ को उप दफा(४) बमोजिम नै सभा हुनु भन्दा कम से कम १५ दिन अगावै संघलाई दिएमा संघले सदस्यको सूचिमा सोही अनुरुप संशोधन गर्नेछ । मतदान गर्दा केबल संस्थागत सदस्यकोमात्र प्रतिनिधीद्वारा मतदान हुनेछ, व्यक्तिगत सदस्यको मताधिकार प्रतिनिधी मार्फत प्रयोग गर्न पाइने छैन । सदस्यता नवीकरण नभएको सदस्यले मताधिकार प्रयोग गर्न पाउने छैन ।

(क) केन्द्रीय साधारण सभामा आवद्धता प्राप्त गरेका स्थानीय संघहरुले साधारण सभामा भाग लिन एक जना मुख्य प्रतिनिधी र एक जना प्रतिनिधीसमेत दुइजना स्थानीय प्रतिनिधि चयन गरी पठाउनु पर्नेछ ।

(२) संस्थागत सदस्यले आफनो प्रतिनिधी मनोनयन गर्दा संघका तत्काल साधारण, मानार्थ वा आजीवन सदस्य रहेका व्यक्तिलाई मनोनित गरेका रहेछ भने त्यस्तो सदस्यता उक्त सभा अबधिका लागि मान्य हुने छैन । साथै संस्थागत सदश्यले आफनो प्रतिनिधी मनोनयन गर्दा सो व्यक्ति सम्बन्धित संस्थाको संचालक वा कर्मचारी हुनु पर्ने छ ।

## परिच्छेद ४ क
## सभापति परिषद ( President’s Council )

**१९. (क) सभापति परिषद :**

यस संघको वृहत्तर हित तथा समुन्नतिको निमित्त समितिलाई समयानुकुल मार्गदर्शन तथा समन्वय गर्न र सुझाव दिन निम्न बमोमिको एक सभापति परिषदको गठन हुनेछ ।

१. यस परिषदमा संघका भुतपूर्व अध्यक्ष पदेन सदस्य रहने छन् । समन्वयको निमित्त बहालवाला अध्यक्ष पनि यस परिषदमा पदेन सदस्य सचिव रहनेछन ।

२. परिषदको काम, कर्तव्य र अधिकारः

क) संघको उन्नति, प्रगति एवै वृहत्तर हीतको निमित्त यस परिषदले कार्यकारिणी समितिलाई कम्प्यूर विज्ञान तथा सूचना प्रविधि सम्बन्धमा अपनाउनु पर्ने उपयुक्त नीति र कार्यक्रमका सम्बन्धमा समयानुकुल मार्गदर्शन तथा समन्वय गर्न र उपयुक्त सुझाव दिन सक्नेछ ।

ख) कुनै अप्रत्याशित घटनाबाट संघमा विपत्ति परेको अवस्थामा कियाशील भई संघको उद्देश्य प्राप्तीको निमित्त कार्यरत रहनु  यस परिषदको प्रमुख कर्तव्य तथा दायीत्व हुनेछ ।

ग) यस परिषदलाई निर्देशात्मक वा निर्वाचन सम्बन्धी कुनै पनि अधिकार हुने छैन ।

घ) परिषदको बैठकको अध्यक्षता संघको अध्यक्ष पदबाट पदाबधि पुरा गरी सबै भन्दा पछिल्लो पटक निवर्तमान हुनु भएका अध्यक्षले गर्नु हुनेछ । निजको अनुपस्थितिमा बैठकको अध्यक्षता बैठकमा उपस्थित निवर्तमान अध्यक्षहरुको नामको नेपाली अक्षरको वर्णानुक्रम अनुसार हुनेछ ।

## परिच्छेद ५
## कार्य समिति

**२० कार्य समितिको गठन :**

(१) यस संघको केन्द्रिय कार्यसमितिमा निम्नानुसार सदस्यहरु रहनेछन ।

क) उपदफा (२) मा उल्लेखित समूह मध्येबाट निर्वाचान प्रक्रियाबाट निर्वाचित हुने सदस्य संख्या २० जना र मनोनित ३ जना गरी जम्मा २३ जना ।

ख) दफा (२) मा उल्लेखित सदस्य समूह मध्येबाट समूहगत सन्तुलन कायम गर्ने गरी नव निर्वाचित अध्यक्ष मनोनयन गर्ने संख्या ३ जना । मनोनित सदश्यमा कम्तिमा एक जना महिला सदस्य मनोनयन गरीने छ ।

ग) स्थानिय संघ सदस्यहरुबाट निर्वाचित क्षेत्रीय सदस्यहरु - ५

(२) माथि उपदफा (१) बमोजिमका सदस्यहरु निम्न बमोजिमका सदस्य समूहबाट निर्वाचन प्रक्रियाबाट छानिने छन् ।

क) व्यक्तिगत साधारण सदस्यहरुबाट - ५

ख) संस्थागत साधारण सदस्यहरुबाट - ५

ग) स्थानीय संघ सदस्य समूहबाट निर्वाचन - ५

घ) विषयगत सदस्यहरुबाट - १

ङ) आजीवन साधारण सदस्यहरु - २

१. आजीवन साधारण सदस्यहरुले समूह परिवर्तन गरी साधारण सदस्यका रुपमा निर्वाचनमा भाग लिन चाहेमा समूह परिवर्तन गर्ने अग्रिम जानकारी कार्यसमितिलाई दिई समूह परिवर्तनको स्वीकृति लिई निर्वाचनमा भाग लिन सक्नेछ ।

च) आजीवन संस्थागत सदस्यहरुबाट - २

१. आजीवन संस्थागत सदस्यहरुले समूह परिवर्तन गरी संस्थागत समुहबाट निर्वाचनमा भाग लिन चाहेमा समूह परिवर्तन गर्ने अग्रिम जानकारी कार्य समितिलाई दिई समूह परिवर्तनको स्वीकृति लिई निर्वाचनमा भाग लिन सक्नेछन् ।

(३) यसरी समूह परिर्वत गर्न चाहेको व्यहोरा खुलाई साधारण सभाको सूचना प्रकाशित भएपछि साधारण सभा हुनु भन्दा १५ दिन अगावै संघको केन्द्रिय् सचिवालयमा अनिवार्य रुपमा निवेदन दिई सक्नु पर्नेछ ।

क) सामान्यतगा समूह परिवर्तनको लागि माग भई आएका निवेदनहरुमा समितिले स्वीकृति दिने छ तर समितिलाई समूह परिवर्तन गर्दा संघको उदेश्य परिपूर्तिमा गम्भिर असर पर्न सक्छ भन्ने बहुमत सदस्यले राय व्यक्त गरेमा स्वीकृत दिन समिति वाध्य हुने छैन ।

ख) यसरी समूह परिवर्तन गर्दा आजिवन साधारण सदस्यले साधारण सदस्य समूहमा र आजिवत संस्थागत सदस्यले संस्थागत सदस्य समूहमा मात्र समूह परिवर्तन गर्न सक्नेछ ।

ग) कुनै सदस्य समुहबाट कारणवस तत्काल निर्वाचन गर्न नमिलेमा वा निर्वाचन हुन नसकेमा समितिले आवश्यक सम्झेमा त्यसै सदस्य समुह मध्ये कै उपयुक्त व्यक्तिलाई आफनो कार्यकालकालागि समितिको सदस्यमा मनोनित गर्न सक्नेछ ।

घ) स्थानीय संघ सदस्य समूहबाट निर्वाचन प्रक्रियाबाट केन्द्रीय कार्यसमितिमा निर्वाचित हुने सदस्यहरुको हकमा स्थानीय संघबाट केन्द्रीय साधारण सभामा प्रतिनिधि भइ आउने सदस्य मध्येबाट काठमाडौं उपत्यका बाहेकलाई ५ विकास क्षेत्रबाट प्रतिनिधि रहनेगरी ५ केन्द्रीय समिति सदस्य निर्वाचित हुनेछन् ।

ङ) संस्थागत साधारण सदस्य तथा संस्थागत आजीवन सदस्य समूहबाट कार्यसमितिमा उमेद्वारी दिन सदस्य संस्थाको वहालवाला सञ्चालक वा कर्मचारी हुनुपर्नेछ ।

(४) निर्वाचन अधिकृत तथा निर्वाचन समितिका काम कर्तव्य तथा अधिकार कार्य समितिले तोके बमोजिम हुनेछ । यसमा लागि कार्य समितिले एक निर्देशिका तयार गर्नेछ ।

क) विशेष परिस्थिति उत्पन्न भई तोकिएको समयमा निर्वाचन सम्पन्न गराउन मौजुदा कार्य समितिलाई अप्ठ्यारो परि आएको खण्डमा औचित्य खुलाई केन्द्रिय कार्य समितिको पूर्ण बैठकमा बहुमत सदस्यले प्रस्ताव पारित गरेमा निर्वाचन गराउने उपयुक्त समय समेतका लागि सभापति परिषद (President Councill) सँग परामर्श गरी उपयुक्त समयमा निर्वाचन सम्पन्न गरी गराई नयाँ कार्य समितिलाई जिम्मेवारी सुम्पनु पर्नेछ । यस्तो परिस्थितिमा मौजुदा कार्य समितिलाई संघको कार्यलाई निरन्तरता दिई निर्वाचित समिति सरहकै अधिकार प्रयोग गर्न कुनै बन्देज हुने छैन ।

(५) निर्वाचित नयाँ कार्य समितिका सदस्यहरुले तोकिएको ढाँचामा प्रमुख निर्वाचन अधिकृत सामु इमान्दारीता र गोपिनयताको सपथ लिई प्रमाण पत्र लिनुपर्नेछ ।

२१. समितिको काम, कर्तव्य र अधिकार :

(१) यस विधानमा अन्यथा व्यवस्था भएकोमा बाहेक संघको सम्पूर्ण कार्यकारिणी अधिकार समितिमा निहित रहनेछ । सघंले संचालन गर्ने बिभिन्न क्षेत्रको कार्यकलापको नीति एवं कार्यक्रम समितिले तर्जुमा एवं निर्धारण गर्नेछ । त्यस्ता नीतिहरु आउँदो साधारण सभामा जानकारी गराउनु पर्नेछ ।

(२) समितिले आफनो बैठक संचालन गर्न आवश्यक नियमहरु बनाउन सक्नेछ ।

(३) समितिले संघको उद्देश्य प्राप्तिको लागि सञ्चालन गर्ने गतिविधिका लागि आवश्यक नियम र स्थायी आदेश जारी तथा लागू गर्न सक्नेछ ।

(४) समितिले संघको वार्षिक अनुमानित आय व्यय स्वीकृत गर्न र कुनै आर्थिक वर्षमा खर्च भई बाँकी रहन आउने नगद मध्ये सबै वा केही लगानी गर्न सक्नेछ ।

(५) समितिले आफ्ना पदाधिकारीहरु र सदस्यको मनोनयन वा निर्वाचन सम्बन्धी नियमहरु बनाउन सक्नेछ ।

(६) समितिले सदस्य आचार संहिता बनाई लागू गर्नसक्नेछ ।

(७) समितिले आवश्यकता अनुसार उपसमितिहरु गठन गरी आफ्नो पुरै वा आंशिक अधिकार प्रत्यायोजित गर्न सक्नेछ ।

(८) संघको उद्देश्य प्राप्तिका लागि आवश्यक कार्य सम्पादन गर्न चाहिने अधिकार समितिले अध्यक्ष, अन्य कुनै पदाधिकारी वा कार्यकारी सदस्यलाई निश्चित अवधिका लागि प्रत्यायोजन गर्नसक्नेछ ।

(९) समितिको उद्देश्यअनुरुप आवश्यक राय, सल्लाह तथा सुझाव प्रदान गर्न समितिले आफ्नो कार्यावधि सम्मको निमित्त निवर्तमान सभापति वा पदाधिकारीको संयोजकत्वमा ३ देखि ७ जनासम्म सदस्यहरु भएको एक सल्लाहकार समिति गठन गर्न सक्नेछ ।

(१०) समितिले आफ्नो कार्यकालको निमित्त कार्य समितिका कुनै पनि पदाधिकारी वा सदस्यलाई संघको प्रवक्ता तोक्न सक्नेछ ।

(११) **अविश्वासको प्रस्ताव :**

कार्यकारिणी समितिको अध्यक्ष लगायत पदाधिकारी पदबाट हटाउन आएको कुनै पनि अविश्वासको प्रस्ताव कार्यकारिणी समितिको दुइ तिहाई बहुमत निर्णयबाट पारित गर्न सकिनेछ । सोको जानकारी साधारण सभालाई दिइने छ ।

त्यस्ता अविश्वासका प्रस्तावहरुमा निम्न प्रक्रिया अवलम्बन गरिनेछ :

क) अविश्वासको प्रस्ताव बहुमत सदस्यले (मनोनित बाहेक) शिष्ट नेपाली भाषामा, कारण सहित विषय स्पष्ट हुनेगरी कुन पदाधिकारी विरुद्ध प्रस्ताव ल्याइएको हो खुलाई केन्द्रिय सचिवालयमा दर्ता गराई बुझाउनुपर्नेछ ।

ख) अविश्वासको प्रस्ताव दर्ता भएको १५ दिन भित्र वैठक बस्ने गरी कार्यकारिणी समितिको विशेष वैठक महासचिवले बोलाउनुपर्नेछ ।

ग) समयभित्र वैठक बस्न नसकेमा विधान बमोजिम वैठक बोलाउन सक्नेछ ।

घ) जुन पदाधिकारीको विरुद्ध अविश्वासको प्रस्ताव दर्ता हुन्छ सो पदाधिकारीले वैठकको सभापतित्व गर्न पाउने छैनन् ।

ङ) अविश्वासको प्रस्तावको छलफलमा सफाइ पेश गर्ने अबसरबाट वञ्चित गरिनेछैन ।

च) अविश्वासको प्रस्ताव पारित भएमा वाँकी काम कार्वाही सोही वैठकले तोकेबमोजिम हुनेछ ।

छ) मनोनित सदस्यहरुले अविश्वासको प्रस्तावमा दस्तखत गर्न पाउने छैनन् । तर निर्णायक अधिकार भने रहन्छ ।

ज) निर्वाचित सदस्यको हकमा भने एक तिहाई सदस्यहरुबाट उपरोक्त प्रक्रियाबाट अविश्वासको प्रस्ताव आएमा साधारण सभाको दुइ तिहाई बहुमतबाट पारित गर्न सकिनेछ ।

२२. समितिका पदाधिकारी र बैठक :

(१) दफा २० बमोजिम कार्यसमितिमा एक जना अध्यक्ष, एक जना प्रथम उपाध्यक्ष, एक जना द्वितिय उपाध्यक्ष, एक जना तृतिय उपाध्यक्ष, एक जना महासचिव, एक जना सचिव र एक जना कोषाध्यक्ष गरी जम्मा ७ जना पदाधिकारीहरु र बाँकी १६ जना कार्यकारिणी सदस्य रहनेछन् । दफा २० बमोजिम निर्वाचित सदस्यहरुले आफूहरुमध्येबाटै पदाधिकारीको निर्वाचन गर्नेछन् ।

क) संघको केन्द्रिय सभापतिको उम्मेदवार हुन केन्द्रिय कार्यसमितिको निर्वाचित सदस्य भई कम्तिमा एक कार्यावधी पुरा गरेको हुनुपर्नेछ ।

(२) समितिको वैठक अध्यक्षले तोकेको स्थान, मिति र समयमा बस्नेछ । यस्तो बैठक घटीमा बर्षको ६ पटक बस्नुपर्नेछ । र एक वैठक र अर्को वैठकको बीचको अवधि ३ महिना भन्दा बढी हुनेछैन ।

(३) पदाधिकारीहरुको मात्र वैठक अध्यक्षले तोकेको स्थान, मिति र समयमा बस्न सक्नेछ । यस्तो बैठक भइरहेका कार्यहरुको अनुगमन, निरिक्षण, राय, सल्लाह, सुझाव तथा कार्यसमितिमा ल्याइने प्रस्तावको पुर्व छलफल आदिको निमित्त हुन सक्नेछ । तर पदाधिकारीहरुको वैठकको निर्णय भने कार्यसमितिको निर्णय हुनेछैन ।

(४) कथंकदाचित ३ महिना भित्र समितिको बैठक बस्न नसकेको खण्डमा समितिका ५ जना पदाधिकारी तथा सदस्यहरुले महासचिव समक्ष छलफलका विषय खोली समितिको वैठक बोलाउन लिखित अनुरोध गरेमा त्यस्तो अनुरोध प्राप्त भएको मितिले ७ दिन भित्र अध्यक्षले समितिको वैठक बोलाउनुपर्नेछ । त्यसरी बोलाईको वैठकको सूचनामा वैठक बस्ने स्थान, मिति, समय र वैठकमा छलफल हुने विषय समेत खोली महासचिवले सबै पदाधिकारी तथा सदस्यहरुलाई जानकारी गराउनुपर्नेछ । सो वैठकमा छलफल हुने भनी तोकिएको विषयवस्तु बाहेक अन्य विषय छलफलमा ल्याउन सकिनेछैन ।

(५) समितिको वैठकको लागि पदाधिकारी तथा कार्यकारी सदस्य गरी १२ जनाको उपस्थिति भएमा आवश्यक गणपुरक संख्या पुगेको मानिनेछ ।

(६) समितिको निर्णयको एक छुट्टै निर्णय पुस्तिका (माइन्यूट बुक) राखिनेछ र उक्त निर्णय पुस्तिकामा सामान्यतया महासचिव र अध्यक्षको अनिवार्य हस्ताक्षर गरी प्रमाणित गरिनेछ ।

२३. समितिको निर्णय :

(१) समितिको वैठकमा पेश भई छलफल गरिएका प्रस्ताव वैठकमा उपस्थित पदाधिकारी तथा सदस्यहरुको साधारण बहुमतबाट पारित भएको मानिनेछ । अध्यक्षले कुनै विषयमा मत बराबर भएमा निर्णायक मत दिन पाउनेछन् । पारित प्रस्ताव बारे कुनै पदाधिकारी वा सदस्यको भिन्न राय भएमा निर्णय पुस्तिकामा जनाउन सक्नेछ ।

(२) समितिको वैठकको निर्णय नेपाली वा अँग्रेजी भाषामा राख्न सकिनेछ ।

(३) समितिको वैठकको निर्णय नेपालीबाट अँग्रेजी र अँग्रेजीबाट नेपालीमा अनुवाद गर्नुपरेमा समितिबाट स्वीकृत भएबमोजिम हुनेछ ।

२४. समितिको वैठक बस्न नसकेमा गर्ने :

कुनै विषयमा तत्कालै निर्णय हुनुपर्ने भइ बोलाइएको वैठक कुनै कारणले बस्न नसकि निर्णय हुन नसकेमा त्यस्तो विषयमा सभापतिले निर्णय गरी सो बारे त्यसपछि लगत्तै बस्ने समितिको बैठकमा पेश गरी सो निर्णयको अनुमोदन गराउनुपर्नेछ ।

२५. पदको समाप्ति र खाली स्थान पुर्ति :

(१) निम्न लिखित अवस्थामा समितिको सदस्यको पदाधिकार समाप्त हुनेछ :

क) संघको सदस्यता समाप्त भएमा

ख) समितिको सदस्यताबाट दिएको राजीनामा कार्यकारिणी समितिबाट स्वीकृत भएमा

ग) सदस्यको मृत्यु भएमा

घ) वैठक बस्ने सूचना पाएर पनि लगातार ३ पटक उचित कारण तथा सम्प्रेषण विना अनुपस्थित भएको कारणले कुनै सदस्यलाई समितिले हटाउने निर्णय गरेमा । तर त्यस्तो सदस्यलाई आफ्नो प्रतिरक्षा गर्न पाउने मौका र अधिकारबाट भने वञ्चित गरिनेछैन ।

ङ) आचरण विपरित काम गरेको आरोपमा कुनै सदस्य वा पदाधिकारी विरुद्ध साधारण सभाको दुइ तिहाई बहुमतले अविश्वासको प्रस्ताव पारित गरेमा । तर त्यस्तो व्यक्तिलाई सफाई दिने मौका दिइनेछ ।

(२) उपदफा १ बमोजिम केन्द्रिय कार्यसमितिको कार्यकारी सदस्य पद वा कार्यकारी पदाधिकारीको पद रिक्त भएमा समितिले कार्यकारी पदाधिकारी भए आफू मध्येबाट र समितिको कार्यकारी सदस्य भए यस एसोशिएसनको सदस्यमध्येबाट वाँकी अवधिका लागि सदस्य मनोनित गरी पद पूर्ति गरिनेछ ।

२६. समितिका पदाधिरी तथा सदस्यहरुको अवधी र निर्वाचन :

(१) समितिको कार्य अवधी २ वर्षको हुनेछ ।

(२) नयाँ समितिको निर्वाचन कार्यरत समितिले प्रमुख निर्वाचन अधिकृत मात्रै तोकी वा निज सहित बढीमा ३ सदस्यीय निर्वाचन समिति गठन गरी गर्न सक्नेछ । निर्वाचित पदाधिकारी तथा सदस्यहरुले पद सम्हाले पछि प्रमुख निर्वाचन अधिकृत वा निर्वाचन समिति स्वत खारेज हुनेछ ।

(३) निर्वाचन समितिको कुनै पनि सदस्य समितिको निर्वाचनमा उम्मेदवार हुन पाउने छैन ।

(४) कुनै पनि सदस्य लगातार २ पटक भन्दा बढी अध्यक्ष हुन पाउने छैन ।

२७. अध्यक्षको काम, कर्तवय र अधिकार :

यस विधान र नियमको अधिनमा रही अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) सभा र समितिले गर्नु पर्ने भनए ठहऱ्याएको काम कारवाही कार्यान्वयन गराउने ।

ख) सभा र समितिको बैठकको अध्यक्षता गर्ने र मतदान भई मत बराबर भएमा निर्णायक मत दिने ।

ग) संघको हितको लागि आवश्यक नेतृत्व प्रदान गर्ने र यसको लागि सदैव सक्रिय रहने र

घ) संघको दैनिक कार्यमा आई पर्ने कुनै आकस्मिक कार्यमा निर्देशन दिने । संघका तर्फबाट औपचारिक प्रतिनिधीत्व गर्ने ।

ङ) संघको उद्देश्य प्राप्तिको लागि आवश्यक सबै कामहरु गर्ने ।

२८. उपाध्यक्षको काम, कर्तव्य र अधिकार :

यस विधान र नियमको अधिनमा रही उपाध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) अध्यक्षको अनुपस्थितिमा प्रथम उपाध्यक्षले र वहाको अनुपस्थितिमा क्रमशस् द्वितीय र तृतीय उपाध्यक्षले अध्यक्षले गर्ने कार्यहरु गर्ने ।

ख) यो विधानमा उल्लेखित उद्देश्य प्राप्तीका लागि समिति वा अध्यक्षले तोकेको काम गर्ने ।

२९. महा सचिबको काम, कर्तव्य र अधिकार :

यस विधान र नियमको अधिनमा रही महा सचिवको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

क) संघको कार्यालय सुचारु रुपले संचालन गराउने, रेखदेख गर्ने ।

ख) सभा र समितिको बैठक बोलाउने व्यवस्था मिलाउने ।

ग) सभा र समितिले पारित गरेका निर्णय अभिलेख राख्न लगाउने र त्यस्तो निर्णय पुस्तिका सुरक्षि साथ राख्न लगाउने ।

घ) समिति र सभामा पारित गरेका निर्णय समितिका सबै सदस्यहरुलाई परिपत्र गराउने, कार्यान्वयन गराउने र सार्वनजिक महत्वको विषयहरु संचारमा ल्याउने ।

ङ) सभा, समिति र अध्यक्षले तोकेको कामहरु गर्ने ।

**३० सचिबको काम, कर्तव्य र अधिकारः**

यस विधान र नियमको अधिनमा रही सचिवको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

क) महासचिवको अनुपस्थितिमा महासचिवले गर्ने कार्यहरु गर्ने ।

ख) यो विधानमा उल्लेखि उद्देश्य प्राप्तीका लागि समिति, अध्यक्ष वा महा सचिबले तोकेका कामहरु गर्ने ।

**३१. कोषध्यक्षको काम, कर्तव्य र अधिकार :**

यस विधान र नियमको अधिनमा रही कोषध्यक्षका काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

क) संघको आर्थिक कारोबारको रेखदेख, सुव्यवस्थापन गर्ने ।

ख) समितिमा संघको वार्षिक आय, व्यय र त्यसको बांडफाडं सम्बन्धी विवरण पेश गरी स्वीकृति गराउने ।

ग) संघको रकम, दस्तुर आदि असुल उपर गर्न लगाउने र संघको तर्फबाट गर्नु पर्ने खर्चको व्यवस्थ गर्ने, गराउने ।

घ) संघको वार्षिक हिसाबको विवरण तथा वार्षिक लेखा परीक्षणको प्रतिवेदन तोकिएको समयमा साधारण सभा तथा सम्बन्धित स्थानीय अधिकारी समक्ष पेश गर्ने ।

ङ) समितिले तोकेको अन्य काम गर्ने, गराउने ।

**१. कार्यकारिणी समिति सदस्यहरुको काम, कर्तव्य र अधिकार :**

यस विधान र नियमको अधिनमा रहि कार्यकारिणी समिति सदस्यहरुको काम देहाय बमोजिमको हुनेछः

क) कार्यकारिणी समिति तथा आफू संलग्न उपसमितिहरुको बैठकमा नियमित उपस्थित भइ सक्रिय सहभागी हुने ।

ख) संघका लक्षित कार्यक्रमहरुको सफलता पूर्वक सम्पन्न गराउनमा प्रत्येक्ष सहयोग पुऱ्याउने ।

ग) संघका उद्देश्य प्राप्तिका लागि विभिन्न संचालित कार्यक्रमको परिचालनका लागि नेतृत्व लिने ।

घ) विभिन्न उपसमितिहरुमा संलग्न रहि आवश्यक राय, सुझाव र योगदान गर्ने ।

ङ) आफूले नेतृत्व लिएका परियोजना तथा कार्यक्रमको लिखित प्रतिवेदक कार्यकारीणि समिति/ साधारणसभालाई दिने ।

च) केन्द्रिय कार्यालयको दैनिक कार्य सम्पादनलाइृ चुस्त, दुरुस्त र प्रभावकारी बनाउनमा सहयोग गर्ने ।

छ) संघले प्राप्त उपलब्धिहरुमा कार्यसमितिको निर्णयको महत्वपूर्ण योगदान रहने हुनाले सकारात्मक निर्णयको भुमिका निर्वाह गर्ने ।

ज) संसदीय सभा पद्धतिको अवलम्बन गरी बैठकलाई प्रभावकारी मर्यादित र निष्कर्समुखी बनाउने ।

झ) संघको नेतृत्व गर्दै विभिन्न निकायबाट सम्पन्न कार्यक्रममा सहभागी भई सुमधुर सम्बन्ध विस्तार गर्ने कार्यमा योगदान पुऱ्याउने ।

ञ) कार्यकारिणी समितिले दिएको निर्देशन बमोजिमको जिम्मेवार ।

**३२. सचिवालय :**

(१) संघको दैनिक प्रशासन तथा कार्य सञ्चालनका लागि एउटा सचिवालय रहनेछ । उक्त सचिवालयका लागि समितिले आवश्यक अधिकृत तथा सहायक स्तरका पदहरुको दरवन्दी सिर्जना गरी उपयुक्त उम्मेदवारहरुको नियुक्ति गर्नेछ ।

(२) उपदफा (१) बमोजिम बमोजिमका उम्मेदवारहरुको योग्यता, सेवा शर्त, पारिश्रमिक र सुविधा समितिले समय समयमा तोकेबमोजिम वा लागू गरेको वा गर्ने नियमावलीमा तोकिएबमोजिम हुनेछ ।

(३) सचिवालयका अधिकृत तथा कर्मचारीहरु समितिले स्वीकृत गरी लागू गरेको संगठन अन्तर्गत सामान्यतया महासचिवका अधिनमा रही संगठनमा व्यवस्था गरेअनुसार कामप्रति उत्तरदायी हुनेछन् ।

## परिच्छेद ६
## संस्थाको कोषको व्यवस्था र सञ्चालन

**३३. संघको कोष :**

(१) संघको आफ्नो छुट्टै कोष रहनेछ ।

(२) संघले सदस्यहरुबाट पाए, उठाइएको शुल्क, दस्तुर, चन्दा, उपहार वा अन्य कुनै माध्यमबाट प्राप्त जिन्सी वा नगद सो कोषमा राख्नेछ ।

(३) संघको आवश्यक खर्चको व्यवस्था सोही कोषबाट गरिनेछ ।

(४) समितिको कोषाध्यक्षको सामान्य नियन्त्रणमा रही समितिले निर्धारित गरेको तरिका अनुसार कोषको सञ्चालन हुनेछ । तर खाता सञ्चालनको हकमा कोषाध्यक्षको अनिवार्य तथा सभापति वा निजले तोकेको पदाधिकारी वा कार्यसमितिको सदस्य एक जनाद्वारा गरिनेछ ।

(५) संघको कोष ठीकसँग सञ्चानल गरिरहेको छ छैन भन्ने सम्बन्धमा समय समयमा समितिले छानविन गर्नेछ र दुरुस्त छ भन्ने नलागेमा आवश्यकताअनुसार निर्देशन दिन सक्नेछ ।

(६) कोषको सञ्चालन हिसाव राख्ने तरिका तथा लेखा परिक्षण एवं तत्सम्बन्धी अन्य कुराहरु बारेमा समितिले नियम बनाई वा नबनाई व्यवस्था गरेबमोजिम हुनेछ ।

(७) यस संस्थाको हिसाव विवरण मान्यता प्राप्त लेखा परिक्षकबाट लेखा परिक्षण गराई सोको प्रतिवेदन प्रत्येक वर्ष साधारण सभासमक्ष पेश गरिनेछ ।

(८) यस संघको साधारण सभाबाट पारित वार्षिक आय व्यय तथा प्रगती विवरण प्रत्येक वर्ष स्थानीय अधिकारी समाज कल्याण परिषद् समक्ष पेश गरिनेछ ।

(९) वैदेशिक सहयोग लिनुपूर्व नेपाल सरकारको स्वीकृती लिइनेछ ।

(१०) वार्षिक बजेट अन्तर्गतका शीर्षकहरु भन्दा बाहिरका शीर्षकमा कुनै पनि खर्च गर्नुपरेमा संघको कार्यकारिणी समितिको निर्णयअनुसार खर्च गरिनेछ ।

## परिच्छेद ७
## विविध

**३४. विधानमा संशोधन :**

संघको मौलिक उद्देश्यमा परिवर्तन नआउनेगरी विधान संशोधनको प्रस्ताव तयार गरी साधारण सभामा पेश गर्ने । साधारण सभाद्वारा दुइतिहाई सदस्यले स्वीकृत जनाएमा विधान संशोधन भएको मानिनेछ । तर स्थानीय अधिकारीको पूर्व स्वीकृती लिए पछि संशोधित विधान लागू हुनेछ ।

**३५. समितिको विशेष व्यवस्था :**

यो विधान लागू भएको पहिलो दुइ वर्षका लागि यस विधानमा सही गर्ने संस्थाको संस्थापक सदस्यहरु दफा .... बमोजिमको कार्यसमितिका सदस्यहरु मानिनेछन् । तिनीहरुको समूहले नै समितिको वैधानिकता पाएको मानिनेछ ।

**(१) नियम बनाउन सक्ने**

(१) कार्य समितिले आफ्नो कार्य सम्पादन गर्ने सम्बन्धमा आवश्यक नियम विनियम र कार्यविधिहरु बनाउन सक्नेछ ।

(२) यो विधान र विधान अन्तर्गत बनेका नियमको अधिनमा रही संस्थाको कार्य सञ्चालन र उद्देश्य कार्यान्वयनका लागि कार्यसमितिले कर्मचारी व्यवस्था र आर्थिक प्रशासन सम्बन्धी विनियम बनाइ लागू गर्न सक्नेछ ।

(३) स्थानीय संघ सञ्चालन कार्यविधि केन्द्रीय कार्यसमितिले बनाई लागू गर्न सक्ने छ ।

**(२) गोप्यता भङ्ग गर्न नहुने**

यस संस्थाका कुनै पनि पदाधिकारी तथा सदस्यले बोलेर वा लेखेर संस्थाको अहित हुने कार्य गर्नु हुँदैन । कार्य समितिका पदाधिकारी वा साधारण सभाका सदस्यहरुले वैठक वा साधारण सभामा असभ्य र अश्लिल शब्दको प्रयोग गर्न पाइने छैन ।

**३६. अधिकारीहरुको वचाउ र निस्कृय :**

संघको भलाईको लागि असल नियतले गरिएको कुनै काम कार्वाहीको फलस्वरुप समितिका सदस्यहरु पदाधिकारीहरु दोषको भागी हने छैनन् र एउटाले गरेको कामको जवाफदेही अर्को सदस्य वा पदाधिकारीले गर्नुपर्ने छैन । यस विधानमा जे लेखिएतापनि प्रचलित ऐन नियमसँग बाझिएका कुराहरु बाझिएको हदसम्म स्वतः निष्कृय हुनेछन् ।

**३७. संघको विघटन :**

कुनै कारण परि संघको विघटन हुने भएमा वा संघको तत्कालिन सदस्य संख्याको पचहत्तर प्रतिशत भन्दा बढी सदस्यहरु साधारण सभामा उपस्थित भई विघटन गर्नु पर्दछ भनी उपस्थित संख्याको पचहत्तर प्रतिशत सदस्यहरुको मतद्वारा प्रस्ताव पारित भएमा संघ विघटन हुनेछ । संघ विघटन पश्चात संघको जायज्यथा नेपाल सरकारमा जानेछ ।

॥.......................॥